सूर्योदय नगरक्षेत्रभित्रका ब्यवसायी, बस्तु तथा सेवा उत्पादक तथा उपभोक्ताहरूको लागि सार्वजनिक सूचना

उपभोक्ता संरक्षण ऐन २०७५ अनुसार निम्न अनुसारको जरिवाना तथा सजाय हुने व्यवस्था रहेको सरोकारवालाहरू सबैमा सूचित गरिन्छ ।

| क्र स. | जरिवाना हुने अवस्थाहरु | जरिवाना |
|---|---|---|
| १ | बिक्री स्थलमा बिल बिजक नराखेमा | रु.५ हजारदेखि रु. २० हजार सम्म जरिवाना |
| २ | बस्तुको गुणस्तर परिमाण मूल्य ढाँचा वा बनावट लुकाइ छिपाइ बिक्री गरेमा | रु.२ लाख देखि रु.३ लाख रुपैयाँसम्म जरिवाना |
| | कृतिम अभाव सिर्जना गरेमा | |
| | बिल बिजक जारी नगरेमा वा बिलबिजकको अतिरिक्त मुल्य माग गरेमा | |
| | उपभोग गर्नुपर्ने अवधि व्यतित भैसकेको उपभोग्य बस्तु बिक्री गरेमा वा नयाँ लेबल लगाई बिक्री गरेमा | |
| ३ | बस्तुको थोक वा खुद्रा मुल्यसूची नराखेमा | रु.५० हजारदेखि रु.१ लाखसम्म जरिवाना |
| | ब्यवसाय दर्ता तथा इजाजतपत्र बिक्री स्थलमा नराखेमा | |
| ४ | अनुगमन कर्तालाइ अनुगमन गर्न नदिएमा वा अनुगमनमा असहयोग गरेमा | रु.२० हजारसम्म जरिवाना |
| कसुर पटक पटक गरेमा जरिवानाको दोब्बर जरिवाना हुनेछ | | |

उपभोक्ता संरक्षण ऐन २०७५ अनुसार जरिवाना वा सजाय हुने अवस्थाहरु

| क्र स. | जरिवाना वा सजाय हुने अवस्थाहरु | जरिवाना वा सजाय |
|---|---|---|
| १ | ऐनको दफा ६ अनुसार लेबलिङ नगरेमा वा लेबलमा झुट्टा कुरा उल्लेख गरेमा | ३ महिनादेखि ६ महिना कैद वा ५० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय |
| | ऐनको दफा १४ अनुसार बिक्रेताबाट खरिद गरेको सामान चित्त नबुझेमा खरिदकर्ताले ७ दिन भित्रमा उक्त बस्तु फिर्ता गर्न चाहेमा बस्तु फिर्ता लिन नमानेमा वा सोहि मुल्य बराबरको त्यस्तै अर्को बस्तु नदिएमा वा खरिद गर्दा तिरेको रकम फिर्ता नदिएमा | |
| २ | ऐनको दफा १८ अनुसार बस्तु वा सेवाको सम्बन्धमा गर्न नहुने अन्य काम गरेमा | ३ महिनादेखि १ वर्षसम्म कैद वा रु.१ लाख देखि रु.३ लाखसम्म जरिवाना वा दुवै सजाय |
| ३. | बस्तुको अधिकतम बिक्रीमुल्य भन्दा बढि मूल्यमा बिक्रि गरेमा | ३महिनादेखि ६ महिनासम्म कैद वा र ५० हजारदेखि रु १ लाखसम्म जरिवाना वा दुवै सजाय |
| ४ | एनको दफा ११ अनुसार बिक्रेता तथा सेवा प्रदायकले आफ्नो दायित्व पुरा नगरेमा | २ वर्षदेखि ३ वर्षसम्म कैद वा रु. ३ लाखदेखि रु.५ लाखसम्म जरिवाना वा दुबै सजाय |
| | दफा ३८ को ६ बमोजिम माग आपुर्ति र मुल्यमा प्रतिकुल प्रभाव पारेमा | |
| ५ | झुट्ठा वा भ्रमपूर्ण विज्ञापन गरेमा वा भ्रमपूर्ण विज्ञापन गरी सामान बिक्रि गरेमा | २ वर्षदेखि ५ वर्षसम्म कैद वा रु. ४ लाखदेखि रु.६ लाखसम्म जरिवाना वा दुबै सजाय |
| | कमसल बस्तुलाइ गुणस्तरीय भनी बिक्रि गरेमा | |
| | पुराना सामानलाइ नयाँ भनी झुक्याइ बिक्री गरेमा | |
| | तोकिएको गुणस्तर वा मानकभन्दा घटी हुनेगरी उत्पादन, ओसारपसार, सञ्चय वा बिक्रि गरेमा | |
| | उपभोक्तालाइ हानि नोक्सानी वा क्षति पुग्नेगरी बिषादि वा रसायन प्रयोग गरेमा वा त्यसरी प्रयोग भएको वस्तु बिक्रि वितरण गरेमा | |